खरिद बिक्री गर्न र बन्दबेपार गर्न नपाउने भएको, सोबाहेक अरूको हकमा मनाही भएको सनद सवाल नदेखिएकोले जिल्लैमा पनि लेखिएका दर्जासम्मकोले नपाउने अरूले पाउने भैरहेकोबाट कसैलाई अघि जग्गाजमीन लिइरहेका ठाउँमा पछि जागीर खानै नपाउने र अघिदेखि गरिआएको बन्दबेपार पनि जागीर हुनासाथ स्थगित गर्नुपने भै कामदारहरूमा धेरै बाधा अडकाउ हुने भैरहेको ०७ साल चैत्र २९ गते सदर गरिबक्सेको नेपाल राज्यभर लागू हुने अन्तरीम शासन विधानले नागरिकहरूले पाएको अधिकारबमोजिम सबैलाई एकै किसिम गर्नुपर्ने हुनाले सो विषय जिल्लाको हकमा भैरहेको सनद सवालसम्म लागू नहुने गरी सूचना जारी भएको हो। जुन अड्डा विभागमार्फत निकासा हुनु गर्नुपर्ने काम छ। सो विभागका कर्मचारीहरूले आफ्ना नामबाट सो काम भने गर्न हुँदैन।

आज्ञाले —
गृहसेक्रेटरी.

## पब्लिक सर्भिस-कमिशनको
## सूचना नं. ५

तपसीलका अस्पतालहरुका निमित्त लेखिएको तलब र भत्तामा ४ एल.एम. एफ. डाक्टर चाहिएका छन्। नेपाली जातीयता प्राप्त उम्मेदवारले २००८ मार्ग १६ गतेसम्ममा प. स. क. र नेपालका हरेक गोस्वारा, माल, हुलाकमा पाइने प. स. क. नं. १ फाराममा वा त्यही नमुनाबमोजिमको फाराममा लेखी आवेदन गर्नुहोस्।

| | ठाउँ | | तलब | भत्ता |
|---|---|---|---|---|
| १ | पशुपतिनगर अस्पतालको | | १२०० | १२० |
| २ | डोटी | ,, | ,, | ४८० |
| ३ | बर्दिया | ,, | ,, | २४० |
| ४ | भैरहवा | ,, आर. एम. ओ. | ,, | ,, |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना

पब्लिक सर्भिस—कमिशनलाई चाहिने सेक्रेटरीको पदमा विज्ञापन गर्दा आएका उम्मेदवारहरूमध्ये सबभन्दा योग्य ठहरिएको आधार—साहित्य—समिति ( शिक्षामन्त्रालय मातहत ) का सेक्रेटरी माष्टर खड्गमान मल्लको उक्त पदमा २००८ भाद्र २८ गतेदेखि नियुक्ति भएको छ ।

पब्लिक सर्भिस—कमिशन.

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।